# पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक


**शोधकर्ता**

**शिरमाया सुनारी**

क्याम्पस रोल नं. ४६/२०६९

परीक्षा क्रमाङ्क २८८००४२/२०७१

त्रि.वि. दर्ता नं. ९-२-५९३-८९-२००९


त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली

भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड)

दोस्रो वर्षको नेपा.शि. ५९८

पाठ्यांशको प्रयोजनको

लागि प्रस्तुत

**शोधपत्र**


शिक्षा शास्त्र सङ्काय

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ


२०७३/२०१६

# समुद्घोषण

मेरो जानकारीमा यो मौलिक शोधपत्र हो । यसका कुनै पनि अंश प्रतितिलिपि, प्रकाशित र शोध प्रयोजन स्वरुप उपाधि लिन विश्व विद्यालयमा प्रस्तुत गरिएको छैन भनी समुद्घोषण गर्दछु ।

२८ सेप्टेम्बर, २०१६

.....................

**शिरमाया सुनारी**

**शोधार्थी**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । वास्तवमा अनुसन्धान आफैमा एक जटिल तथा चुनौतीपूर्ण कार्य हो । कुनै पनि विषयमा वस्तुगत, व्यवस्थित, योजनाबद्ध र वैज्ञानिक ढङ्गमा गहिरो अध्ययन तथा अनुसन्धान गरी तथ्याङ्क सङ्कलन गरेर सङ्कलित तथ्याङ्कहरुको विविध पक्ष र दृष्टिकोणबाट व्याख्या विश्लेषण तथा तुलना गरी निष्कर्षात्मक अवस्थामा पुग्ने कार्य सोचे जस्तो सहज र सरल छैन । यस्तो कठिन कार्यलाई सफल बनाउनमा धेरै सहयोगी हातहरु र मनहरुको प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्नता रहेको छ । **पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक** शीर्षकमा प्रस्तुत शोधकार्य मैले नेपाली विभागका प्रमुख सहप्राध्यापक डा. ईश्वर चन्द्र वाग्लेज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँले शीर्षक चयनदेखि शोधपत्रलाई अन्तिम रुप दिन उपयुक्त निर्देशन र सुझाव सल्लाह दिँदै लेखिएका विषयगत एवम् भाषागत पक्षलाई अति सूक्ष्म ढङ्गले हेरी सही मार्ग निर्देश गर्नु भएकोमा शोध निर्देशक आदरणीय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस शोधकार्य सम्पन्न गर्ने समयावधिभर उहाँबाट पाएका प्रेरणादायी सल्लाह, सुझाव र सहयोगबाट आफ्नो कार्यप्रति प्रतिबद्ध रहन म उत्प्रेरित भएकी छु ।

शोधपत्र तयारीका क्रममा यथोचित सल्लाह, सुझाव तथा मार्ग दर्शन गर्नुहुने मान्य गुरुहरु उपप्राध्यापक श्री सुशील प्रसाद वाग्ले, उपप्राध्यापक डा. राम कुमार अधिकारी लगायत नेपाली विषय विभागका सम्पूर्ण गुरुहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै मेरो अध्ययनमा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने क्याम्पस प्रमुख श्रीकृष्ण न्यौपानेज्यू तथा श्रद्धेय गुरु निवर्तमान क्याम्पस प्रमुख सहप्राध्यापक श्री वैकुण्ठनाथ न्यौपानेज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा यो सुनौलो भविष्यको जीवन दिई अध्ययनका लागि सही तथा उचित मार्ग देखाई दिनुहुने आदरणीय पिता रञ्जित सुनारी र माता मनमाया सुनारीप्रति म सदैव ऋणी रहने छु । शोधकार्य लेखनका लागि आर्थिक, व्यावहारिक, पारिवारिक समस्यासँग सङ्घर्ष गर्दै आवश्यक वातावरण मिलाई सदैव सल्लाह, सुझाव र हौसला दिँदै लेखन कार्यलाई सफल

बनाउन प्रेरणा प्रदान गर्नुहुने मेरा पति श्री डम्बर बहादुर मगरज्यूप्रति कृतज्ञ छु । घर परिवार एवम् छिमेकमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आफन्तजन तथा साथीभाइप्रति विशेष धन्यवाद अर्पण गर्दछु । यस शोधपत्रलाई टाइप गरी सहयोग गर्ने श्रीकृष्ण प्रिन्टर्सका आरती श्रेष्ठ, सविना श्रेष्ठ साथै यसलाई प्रिन्टका साथै ढाँचा यथोचित रुपमा मिलाउनुहुने स्वस्तिका स्टेसनरी दमौलीका प्रेमबहादुर आले मगरलाई समेत धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि आदिकवि भानुभक्त क्याम्पस नेपाली विभाग समक्ष पेस गर्दछु ।

**शोधार्थी**

**शिरमाया सुनारी**

**आदिकवि भानुभक्त क्याम्पस**

**दमौली, तनहुँ**

# शोधसार

प्रस्तुत अध्ययन कक्षा एघारको पाठ्य पुस्तकको पाठ्यक्रमका आधारमा विश्लेषणसँग सम्बन्धित रहेको छ । अर्थात् पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक शोधपत्रको शीर्षक रहेको छ । यस अध्ययनको उद्देश्य कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तकमा समावेश गरिएका विधागत विविधता क्षेत्र र क्रम छनोट र स्तरणको उद्देश्य अनुरुप सिपपरक उपयोगको अध्ययन विश्लेषण गरी आवश्यक निष्कर्ष निकाली यस अध्ययनले जम्मा पाँच अध्यायमा पूर्णता पाएको छ । नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुरद्वारा सम्बन्धन प्राप्त शिक्षाशास्त्र सङ्काय, आदिकवि भानुभक्त क्याम्पस, दमौली, तनहुँमा प्रस्तुत यो शोधकार्य उक्त क्याम्पसका सहप्राध्यापक डा. ईश्वर चन्द्र वाग्लेज्यूको निर्देशनमा शिरमाया सुनारीद्वारा सम्पन्न गरिएको हो । त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रमा कक्षा एघारको पाठ्यक्रमको आधारमा पाठ्य पुस्तकमा समाविष्ट विधागत वितरण र सिपगत वितरणका दृष्टिले उपयुक्त भए नभएको पत्ता लगाउनुलाई मूल उद्देश्यका रुपमा लिइएको छ । पाठ्यक्रमका आधारमा पाठ्य पुस्तकमा समावेश गरिएका विधागत क्षेत्र र क्रम, छनोटका आधारमा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अनुसार व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनलाई गुणात्मक ढाँचामा रहेर पुस्तकालयीय विधिमा आधारित यस अनुसन्धानमा प्राथमिक भन्दा पनि द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । उच्च माध्यमिक तह कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तकमा विधागत आधार कथा, उपन्यास, निबन्ध, नेपाली भाषा, साहित्य परिचयमा अलग अलग विधाहरुमा अध्ययन विश्लेषण गरी विधागत विविधताको आधारमा पाठ्यक्रम अनुरुप पाठ्य पुस्तकमा विद्यार्थीको रुचि, आवश्यकता, क्षमता, विस्तारका लागि कत्तिको उपयोगी छ ? पाठ्यक्रमले राखेका उद्देश्य अनुरुप विधाहरु छन वा छैन ? पाठ्यक्रमले राखेका उद्देश्य अनुरुप भाषाका चारवटै सिपको प्रयोग गरिएको छ कि छैन ? त्यसमा भएका शिक्षण सामग्री, शिक्षण विधि, शिक्षण कार्यकलाप, मूल्याङ्कन छन् वा छैनन् ? भन्ने कुराको

निष्कर्ष निकालिएको छ । यस अध्ययनमा भाषाका चारवटा सिपहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइका दृष्टिले पाठ्य पुस्तकमा पाठ्यक्रमका आधारमा उपयुक्त छन् वा छैनन् ? भन्ने कुरमा व्याख्या विश्लेषण गरिएको छ । भाषिक सिपहरुलाई बोधगत र अभिव्यक्तिगत तहमा विभाजन गरी व्याख्या विश्लेषण गरी अध्ययन प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययन अनुसन्धान गर्दा विधागत अनुरुपताका आधारमा पाठ्य पुस्तकमा समावेश गरेका विधाहरुमा विद्यार्थीको सिर्जनशीलता क्षमता, बौद्धिक विकासको लागि उपयुक्त र वैज्ञानिक शैलीका सान्दर्भिक विषय वस्तु विधाहरुको छनोट हुनुपर्ने साथै पाठ्यक्रम अनुरुपताका आधारमा शिक्षण सामग्री अन्तर्गत शिक्षण सामग्रीहरु पाठ्य पुस्तकमा समावेश गर्नुपर्ने भाषाको चारवटै सिप विकास अन्तर्गत सुनाइ र बोलाइ, सिपको कमी र पढाइ र लेखाइलाई बढी जोड दिनुपर्ने र सैद्धान्तिक पक्ष भन्दा व्यावहारिक शिक्षण पद्धति अपनाउनुपर्ने निष्कर्ष निकालिएको छ ।

# विषय सूची

पृष्ठ सङ्ख्या

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**समुद्घोषण**

**कृतज्ञता ज्ञापन**

**शोधसार**

**सङ्क्षिप्त शब्द सूची**

**चिन्ह सूची**

**विषय सूची**

**अध्याय : एक**

**शोध परिचय** **१-७**

१.१ शोधको पृष्ठभूमि १

१.२ समस्या कथन ३

१.३ शोधको उद्देश्य ४

१.४ शोधको औचित्य र महत्त्व ४

१.५ शोधको सीमाङ्कन ६

१.६ प्रयुक्त विशेष शब्दहरुको परिभाषा ६

१.७ शोधपत्रको रुपरेखा ७

**अध्याय : दुई**

**पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा** **८-३०**

२.१ पूर्वकार्यको समीक्षा ८

२.२ पूर्वकार्य समीक्षाको उपयोग १५

२.३ सैद्धान्तिक अवधारणा १६

२.३.१ पाठ्यक्रमको परिचय १६

२.३.२ पाठ्यक्रमका तत्वहरु १८
२.३.२.१ उद्देश्य १८
२.३.२.२ विषय वस्तु १९
२.३.२.३ शिक्षण प्रक्रिया/विधि १९
२.३.२.४ मूल्याङ्कन २०
२.३.३ पाठ्यक्रम लक्ष्यमा स्रोतहरु २१
२.३.३.१ सिकारु २१
२.३.३.२ समाज २२
२.३.३.३ विषय विशेषज्ञ २३
२.३.३.४ दार्शनिक र समाजशास्त्रीय आधार २३
२.३.४ पाठ्यक्रम विकास सिद्धान्त २४
२.३.४.१ आवश्यकताहरुको निदान तथा विश्लेषण २५
२.३.४.२ उद्देश्यहरुको निर्धारण २५
२.३.४.३ विषय वस्तुको छनोट २५
२.३.४.४ विषय वस्तुको सङ्गठन २६
२.३.४.५ सिकाइ अनुभवहरुको छनोट २६
२.३.४.६ सिकाइ अनुभवहरुको सङ्गठन २७
२.३.४.७ मूल्याङ्कन २७
२.३.५ पाठ्य पुस्तकको परिचय २७
२.३.६ पाठ्य पुस्तकको आवश्यकता तथा महत्त्व २९
२.३.७ पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध २९

**अध्याय : तिन**

**अध्ययन विधि र प्रक्रिया** **३१-३३**
३.१ शोध विधि ३१
३.२ अध्ययन ढाँचा ३१
३.३ नमुना छनोट र छनोट प्रक्रिया ३२
३.४ तथ्याङ्कको स्रोत ३२

३.४.१ प्राथमिक स्रोत ३२

३.४.२ द्वितीय स्रोत ३२

३.५ अध्ययन क्षेत्र ३३

३.६ तथ्याङ्क सङ्कलनको साधन ३३

३.७ तथ्याङ्क वा सूचना सङ्कलनका प्रक्रिया ३३

३.८ व्याख्या तथा विश्लेषण प्रक्रिया ३३

**अध्याय : चार**

**व्याख्या र विश्लेषण ३४-५४**

४.१ पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा एघारको ऐच्छिक नेपाली वर्तमान पाठ्य पुस्तकको अध्ययन ३५

४.२ पाठ्य पुस्तकमा समावेश विधा, क्षेत्र, क्रम र स्तरणको अध्ययन ३७

४.२.१ पाठ्यक्रम अनुरुपताका आधारमा पाठ्य पुस्तक अध्ययन विश्लेषण ३९

४.२.२ ऐच्छिक नेपाली पाठ्यक्रमको सङ्क्षिप्त परिचय ४२

४.२.२.१ साधारण उद्देश्य ४३

४.२.२.२ विशिष्ट उद्देश्य ४३

४.२.३ पाठ्य विषयको विवरणका आधारमा अङ्कभार र पाठ्यभार पाठ्यक्रम ४४

४.२.४ शिक्षण सामग्रीका आधारमा पाठ्यक्रमको अध्ययन ४७

४.२.५ शिक्षण विधि/प्रक्रियाका आधारमा ऐच्छिक नेपाली पाठ्य पुस्तकको अध्ययन ४८

४.२.६ मूल्याङ्कनका दृष्टिले कक्षा एघारको ऐच्छिक नेपाली पाठ्य पुस्तक को अध्ययन ५०

४.३ पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा एघारको ऐच्छिक नेपाली भाषिक सिपपरक अध्ययन ५१

## अध्याय : पाँच


**सारांश, निष्कर्ष र उपयोग** **५५-६१**

५.१ सारांश ५५

५.२ निष्कर्ष ५६

५.३ उपयोग ५८

५.३.१ नीतिगत तह ५९

५.३.२ प्रयोगगत तह ६०

५.३.३ भावी अध्ययन ६०

**सन्दर्भ सूची**

**परिशिष्टहरु**

# चिन्ह सूची

| | |
|---|---|
| । | पूर्ण विराम चिन्ह |
| , | अल्प विराम चिन्ह |
| “ ” ‘ ’ | उद्‌धगर चिन्ह |
| / | विकल्प चिन्ह |
| ? | प्रश्न वाचक चिन्ह |
| ( ) | कोष्ठक चिन्ह |
| : | विसर्ग चिन्ह |
| - | योजक चिन्ह |

# सङ्क्षेपीकृत शब्दहरु

| | |
|---|---|
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| एम.एड. | मास्टर अफ एजुकेशन |
| पृ. | पृष्ठ |
| नं. | नम्बर |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| वि.सं. | विक्रम सम्वत् |
| ई.सं. | ईस्वी सम्वत् |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| उ.प्रा. | उपप्राध्यापक |
| प्रा. | प्राध्यापक |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |